श्री ५ को सरकार

## उद्योग मन्त्रालयको

## सूचना

### धितोपत्र सूचीकरण नियमावली, २०४०

धितोपत्र कारोवार ऐन, २०४० को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "धितोपत्र सूचीकरण नियमावली, २०४०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. सूचीकरणको लागि निवेदन दिनुपर्नेः (१) संगठित संस्थाले आफ्नो धितोपत्र सूचीकरण गराउन देहायका विवरण खुलाई केन्द्रमा निवेदन दिनु पर्नेछ :

(क) संगठित संस्थाको नाम र मूल कार्यालय रहेको ठेगाना,

(ख) प्रमुख उद्देश्य र कार्यहरू,

(ग) धितोपत्र जारी गर्नुको उद्देश्य,

(घ) धितोपत्र बाँडफाँड गर्दा अपनाइएको तरीका,

(ङ) धितोपत्रको किसिम, संख्या र प्रतिइकाई अङ्कित मूल्य,

(च) धितोपत्रको नामसारी, नवीकरण, एकीकरण वा विभाजन गर्ने सम्बन्धी व्यवस्था र शर्तहरू तथा त्यस्तो कुनै कार्य गर्दा लिइने दस्तूर र

(छ) धितोपत्र च्यातिएमा वा हराएमा नयाँ प्रमाणपत्र दिने सम्बन्धी कार्य र त्यस्तो प्रमाणपत्र दिंदा लिइने दस्तूर ।

(२) उपनियम (१) को खण्ड (ग) र (घ) बमोजिमको विवरण थप जारी गरेको धितोपत्र सूचीकरण गराउँदा मात्र खुलाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको निवेदनमा संगठित संस्थाले देहायका कागजातहरूसमेत संलग्न गर्नु पर्नेछः

(क) कम्पनी ऐन, २०२१ अन्तर्गत गठित संगठित संस्थाको हकमा प्रबन्धपत्र र नियमावली र विशेष ऐन अन्तर्गत गठित संगठित संस्थाको हकमा सम्बन्धित ऐन र सो अन्तर्गत बनेको नियम र विनियमहरू,

(ख) धितोपत्र सूचीकरण गराउने विषयमा सञ्चालक समितिले गरेको निर्णयको प्रतिलिपि,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सूचीकरण गराउन खोजेको धितोपत्रको नमूना,

(घ) धितोपत्रको किसिम अनुसार धितोपत्रवालाहरूको नाम, ठेगाना र तिनीहरूले लिएका वा लिन मञ्जूर गरेका धितोपत्रको संख्यासमेत उल्लेख भएको सूची,

(ङ) विगत तीन वर्षको लेखा परीक्षण भएको वासलात तथा नाफा नोक्सानीको हिसाब र प्रमुख सम्पत्ति र दायित्वहरूको विस्तृत सूची,

(च) अन्तिम वर्षको लेखा परीक्षकको प्रतिवेदन ।

(४) उपनियम (१) बमोजिम निवेदन गर्दा चालू आर्थिक वर्षको ६ महीना भन्दा बढी समय व्यतीत भई सकेको भएमा संगठित संस्थाले चालू आर्थिक वर्षको पहिलो ६ महीनामा भए गरेको आम्दानी खर्च र उत्पादन तथा बिक्री वितरण सम्बन्धी विवरण र अर्ध-वार्षिक वासलातसमेत संलग्न गर्नु पर्नेछ ।

३. धितोपत्रको मूल्यमा प्रभाव पर्न सक्ने कुराको सूचना दिनु पर्नेः संगठित संस्थाले आफ्नो धितोपत्र सूचीकरणको लागि निवेदन दिई सकेपछि र केन्द्रबाट सूचीकरण सम्बन्धी सूचना प्राप्त गर्नु अघि धितोपत्रको मूल्यमा प्रभाव पर्ने किसिमको कुनै निर्णय वा घटना भएमा सो कुराको सूचना केन्द्रलाई तुरुन्त दिनु पर्नेछ ।

४. जाँचबुझ गर्नु पर्नेः नियम २ बमोजिमको निवेदन प्राप्त भएपछि केन्द्रले देहायको विषयमा जाँचबुझ गर्नु पर्नेछः

(क) धितोपत्रको बाँडफाँड र स्वामित्वको स्थिति नियम ९ अनुरूप छ छैन,

(ख) संगठित संस्थाले सरल र सुलभ तरीकाले धितोपत्रको नामसारी हुन सक्ने व्यवस्था गरेको छ छैन र

(ग) संगठित संस्थाको आर्थिक र वित्तीय स्थिति सन्तोषजनक छ छैन ।

५. धितोपत्रको सूचीकरणः (१) नियम ४ बमोजिम जाँचबुझ गर्दा धितोपत्रको गतिशील कारोवार हुन सक्ने देखिएमा मात्र केन्द्रले धितोपत्रको सूचीकरण गर्नेछ ।

(२) कुनै संगठित संस्थाको धितोपत्रको बाँडफाँड र स्वामित्वको स्थिति नियम ९ अनुसार नभएमा धितोपत्र सूचीकरण भएको मितिले बढीमा तीन वर्षसम्ममा धितोपत्रको बाँडफाँडको स्थिति नियम ९ अनुरूप गर्नु पर्ने शर्त तोकी केन्द्रले धितोपत्रको सूचीकरण गरिदिन सक्नेछ ।

६. सूचीकरणको सूचना : नियम ५ बमोजिम केन्द्रले धितोपत्रको सूचीकरण गरी सकेपछि त्यसको सूचना सम्बन्धित कार्यालय र सम्बन्धित संगठित संस्थालाई दिनु पर्नेछ । त्यस्तो सूचना लगानीकर्ताको जानकारीको लागि पत्रपत्रिकामा प्रकाशित गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. सूचीकरण शुल्कः (१) धितोपत्रको सूचीकरण गराउने संगठित संस्थाले केन्द्रलाई देहायबमोजिम सूचीकरण शुल्क र वार्षिक शुल्क बुझाउनु पर्नेछ :

| चुक्ता पूंजी | सूचीकरण शुल्क | वार्षिक शुल्क |
|---|---|---|
| (क) रू. २० लाखसम्म | ५००।– | ३००।– |
| (ख) रू. २० लाखदेखि १ करोडसम्म | ७००।– | ५००।– |
| (ग) रू. १ करोडदेखि माथि | १,०००।– | ८००।– |

(२) उपनियम (१) बमोजिमको शुल्क श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी घटाउन वा बढाउन सक्नेछ ।

८. धितोपत्रको कारोवार : नियम ६ बमोजिम धितोपत्र सूचीकरण भएको बेहोरा पत्रिकामा प्रकाशित गरेपछि मात्र धितोपत्रको कारोवार गर्न पाउनेछ ।

९. धितोपत्रको बाँडफाँड र स्वामित्वको स्थिति : संगठित संस्थाको देहायको धितोपत्रको बाँडफाँड र स्वामित्वको स्थिति देहायबमोजिम हुनुपर्नेछः–

(क) धितोपत्र शेयर भएमा, प्रतिशेयर इकाई मूल्य बढीमा एक सय रूपैयाँ, शेयरवालाहरूको कुल संख्या घटीमा एक सय जना र कुल निष्काशित र बाँडफाँड भएको शेयरमध्ये पन्ध्र प्रतिशत शेयर बढीमा एक सय थान शेयर लिने शेयरवालाहरूको स्वामित्वमा रहेको हुनुपर्नेछ ।

(ख) धितोपत्र डिवेन्चर भएमा, प्रतिडिवेन्चर इकाई मूल्य बढीमा एक हजार रूपैयाँ डिवेन्चरवालाहरूको संख्या घटीमा पच्चीस जना र डिवेन्चरको भुक्तानी अवधि घटीमा दुई वर्ष बाँकी हुनुपर्नेछ ।

१०. प्रचार प्रसार गर्नु पर्ने : नियम ५ को उपनियम (२) बमोजिम धितोपत्र सूचीकरण गराउने संगठित संस्थाले आफ्नो धितोपत्रको बाँडफाँड र स्वामित्वको स्थिति नियम ९ अनुरूप गर्ने उद्देश्यले थप धितोपत्र जारी गरिने भएमा वा वर्तमान धितोपत्रवालाहरूले ग्रहण गरिराखेको धितोपत्रमध्ये कुनै धितोपत्र सर्वसाधारणलाई बिक्री गरिने भएमा त्यसको लागि विवरणपत्र पत्रपत्रिकामा प्रकाशित गर्नु पर्नेछ ।

११. प्रमाणित गरी दिनु पर्ने : केन्द्र वा दलालले कुनै धितोपत्रको नामसारी, नवीकरण, एकीकरण वा विभाजन वा प्रमाणपत्रको दस्तखत तथा अङ्कित मूल्यको समर्थन वा प्रमाणित गरिदिन अनुरोध गरेमा आफ्नो धितोपत्र सूचीकरण गराएको संगठित संस्थाले तुरुन्त समर्थन वा प्रमाणित गरिदिनु पर्नेछ ।

१२. विवरण दिनु पर्ने : आफ्नो धितोपत्र सूचीकरण गराएका संगठित संस्थाले प्रत्येक वर्ष केन्द्रलाई देहायबमोजिम विवरण दिनु पर्नेछः

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) आर्थिक वर्ष समाप्त भएको ६ महीनाभित्र लेखा परीक्षकको प्रतिवेदन सहित विगत आर्थिक वर्षको लेखा परीक्षण भएको वासलात तथा नाफा नोक्सानीको हिसाब र प्रमुख सम्पत्ति तथा दायित्वहरूसम्बन्धी विवरण,

(ख) खण्ड (क) मा उल्लेखित म्यादभित्र लेखा परीक्षण समाप्त हुन नसक्ने वा साधारण सभा हुन नसक्ने देखिएमा सोही बेहोरा खुलाई विगत आर्थिक वर्षको ट्रायल ब्यालेन्स र आम्दानी खर्चसम्बन्धी विवरण,

(ग) आर्थिक वर्ष समाप्त भएको दुई महीनाभित्र धितोपत्रको किसिम अनुसार विगत आर्थिक वर्षको अन्तमा कायम रहेका धितोपत्रवाला-हरूको विवरण र

(घ) अर्ध-वार्षिक अवधि समाप्त भएको दुई महीनाभित्र अर्ध-वार्षिक ट्रायल ब्यालेन्स र अर्ध-वार्षिक अवधिमा गरेको उत्पादन तथा बिक्री वितरणसम्बन्धी विवरण ।

१३. सूचना दिनु पर्नेः आफ्नो धितोपत्र सूचीकरण गराएका संगठित संस्थाले देहायका विषयमा यथासमयमा केन्द्रलाई सूचना दिनु पर्नेछः

(क) संगठित संस्थाको साधारण सभा बस्ने भएमा वा प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने धितोपत्रको अङ्कित मूल्यमा परिवर्तन गर्ने बोनस शेयर वा लाभांश वितरण गर्ने वा थप धितोपत्र जारी गर्ने भएमा,

(ख) संगठित संस्था अर्को संगठित संस्थासँग एकीकरण वा गाभिने भएमा,

(ग) कुनै धितोपत्रको नामसारी, नवीकरण, एकीकरण वा विभाजन रोक्नु पर्ने भएमा,

(घ) संगठित संस्थाको काम दैवी प्रकोप, आकस्मिक घटना, तालाबन्दी, पुनः निर्माण वा अन्य कुनै कारणले रोक्न गएमा वा रोक्नु पर्ने भएमा ।

आज्ञाले,
रविदेव शर्मा
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५८०४